# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः ०७५।७६

च.न.

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,

अन्नपुर्ण गाउपालिका,म्याग्दी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट अन्नपुर्ण गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४स्थानीय सरकार सञ्चालन ऐन, २०७४तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ३५ लाख ३८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.३ करोड २९ लाख ६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा फछ्र्योट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना (१५) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# अन्नपुर्ण गाउंपालिका

# लेखापरीक्षण प्रतिवेदन

# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउपालीका अर्न्तगत ८ वडा रहेको ४४सभा सदस्य,५५६.४१ वर्ग की.मी.क्षेत्रफल , १३८७६ जनसंख्या भएको गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहयता र स्थानीय सरकार संचालनमा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आय शिर्षक | रकम रु | व्यय शिर्षक | रकम रु |
|---|---|---|---|
| गत वर्षको अल्या | ६४४५७९९.६० | **अनुदान खर्च** | |
| वित्तिय समानिकरण अनुदान | १४०४९४००० | वित्तिय समानिकरण अनुदान चालु खर्च | २९३१३३०१.१० |
| **सशर्त अनुदान** | **११६५२२०००** | वित्तिय समानिकरण अनुदान पुजिगत खर्च | ६९६८७१९७ |
| सामाजिक सुरक्षा दिर्घ सेवा सम्मान | ४१२३१००० | **सशर्त अनुदान** | **११२१६१२२७.६२** |
| स्थानीय शासन तथा सामुदायिक विकास चालु | १३७७००० | सामाजिक सुरक्षा दिर्घ सेवा सम्मान | ३९४९१६०० |
| स्थानीय शासन तथा सामुदायिक विकास पूजिगत | ६००००० | स्थानीय शासन तथा सामुदायिक विकास चालु | १३४६३९७ |
| पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम | ८७६००० | स्थानीय शासन तथा सामुदायिक विकास पूजिगत | ५९९९५० |
| झोलुङ्गेपुल संरक्षक खर्च | २७०००० | पश्चिम नेपाल ग्रामिण खानेपानी कार्यक्रम | ८७६००० |
| **आन्तरिक आय** | **४९७८९२३.५०** | झोलुङ्गेपुल संरक्षक खर्च | २७०००० |
| | | आन्तरिक आय खर्च | २३१९४६४ |
| | | **स्थानीय संचितकोषमा मौज्दात** | **५०५९८७६१** |
| | | सशर्त अनुदान फिर्ता | ४३६०७७२.३८ |
| | | सामाजिक सुरक्षा दिर्घ सेवा सम्मान फिर्ता | १७३९४०० |
| | | स्थानीय शासन तथा सामुदायिक विकास चालु फिर्ता | ३०६०३ |
| | | स्थानीय शासन तथा सामुदायिक विकास पूजिगत फिर्ता | ५० |
| | **३१२७९४७२३.१** | | **३१२७९४७२३.१** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १ | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउपालिकाले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br><br>● **जिन्सी निरीक्षण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन कार्यान्वयन भएको देखिएन ।<br><br>● **जोखिम पहिचान:** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br><br>● **योजना सन्चालन:** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br><br>● **कार्य विवरण:** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।<br><br>● **कार्यक्रम वाइज खर्च खाता:** कार्यालयले कार्यक्रम वाइज खर्च खाता राखेको छैन । जसले गर्दा कुन कुन कार्यक्रममा के कति खचं भयो, कुन कुन कार्यक्रममा बढी वा घटी खर्च भयो । स्वीकृत कार्यक्रम वेगर खर्च भए नभएको सम्बन्धमा अध्ययन र तुलना गर्न सक्ने स्थिति रहेन ।<br><br>● **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br><br>● **सम्पत्तिको अभिलेख:** सावंजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ़ ५ मा सावंजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपनें व्यवस्था रहेको छ । कायांलयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कायंक्षेत्रभित्र पनें भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भटं, नाली, रेलिँ आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br><br>● **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट | |

खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२ **स्थानीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम.गाउपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा  भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ.गाउपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

३ **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाउपालीकाले सञ्चालन गरेका वडास्तरिय तथा गाउपालिका स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गर्न जरुरी छ ।

४ **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा २०.१३  प्रतिशत, दोश्रो चौमासिकमा २९.८२  प्रतिशत र तेश्रो चौमासिकमा ४४.७३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा १२.४९ प्रतिशत खर्च देखिनुले तेश्रो चौमासिकमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।

५

| व उ शि न | कुल खर्च रकम | पहिलो चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | अषाढ महिना |
|---|---|---|---|---|---|
| ८०१७२९३ | २१११६१७२५.७२ | ३७२३८१८३.३० | ६१४६५७४५.५० | ११२४५७७९६.९२ | ३०२८८१३५.६० |
| ३६५०१५३ | ३९४९१६०० | १३२९१६०० | १३२९४४०० | १२९०६००० | ० |
| ३६५८१९३ | १३४६३९७ | ४९७००० | २७२३९७ | ५७७००० | ४४९५०० |
| ३६५८१९४ | ५९९९५० | ० | ० | ५९९९५० | ५९९९५० |
| ३६५८२१४ | ८७६००० | ० | ५५४६६८.२ | ३२१३३१.८० | ३२१३३१.८० |
| **जम्मा** | **२५३४७५६७२.७२** | **५१०२६७८३.३** | **७५५८७२१०.७** | **११३३७९०७८.७२** | **३१६५८९१७.४** |

६ **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन,  २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकामा रहने कर्मचारीको  दरवन्दी विभिन्न पदको ३२ रहेपनि संघिय सरकारबाट सरुवा भई आएका ६ साबिक स्थानीय निकायमा कार्यरत १० ,करारमा १ सुचना अधिकृत र १ सवइन्जिनियर  र ३ कार्यालय सहयोगी गरि २१ को पदपुर्ति भएको ११ पद रिक्त देखियो । अनावश्यक पद भए खारेज गर्नुपर्नेमा कुनै कारवाही गरेको देखिएन ।

७ **एकीकृत विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को  दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेशगर्न पर्ने व्यवस्था छ । गाउपालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटिएको देखिएन । सवै कारोवार विपद व्यवस्थापन कोष,समपुरक कोष र धरौटी समेट्दा गाउपालिकाको वैंक मौज्दात रु.५३५११७४७ हुने हुँदा सबै क्षेत्रमा रहेको बैंक मौज्दात रु २९१२९८६ गाउपालिकाले समेटी कारोबार गर्न पर्दछ ।गाउपालिकाले बैक हिसाब मिलान विवरण तयार नगरेकाले आय व्यय विवरणमा उल्लेख भएको बर्षान्तको बैक मौज्दात बैक स्टेटमेन्टनुसार भिडान गर्न सकिने अवस्था छैन ।बर्षान्तमा संचित कोय र अन्य कोयमा मौज्दात रकमको यर्थाथता यकिन  हुन सकेन ।

<table>
<tr>
<td>८</td>
<td>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७३(३) मा गाउ सभाबाट स्वीकृत बजेटको परिधि भित्र रहि प्रचति कानून बमोजिम खर्च गर्नु पर्दछ । कार्यालयले गाउ सभाबाट स्वीकृत नगराई देहायका शिर्षकमा खर्च गरेको देखियो । ऐनको पालना गरेकोले अनियमित देखिएको रु
<table>
<tr><td>शिर्षक</td><td>खर्च</td></tr>
<tr><td>सर्बोदय मा.बि.,हिमालय प्रा.बि. अनुदान</td><td>१८८९४६४</td></tr>
<tr><td>२. हेल्थपोष्ट ल्याव टेक्नीसियनको तलब</td><td>१२००००</td></tr>
<tr><td>महिला स्वास्थ्य स्वयमसेविका खाजा खर्च</td><td>९०,०००</td></tr>
<tr><td>जेष्ठ नागरीक, अपाङ्ग अनुदान</td><td>१,२०,०००</td></tr>
<tr><td>एम्बुलेन्स ब्यबस्थापन</td><td>१००,०००</td></tr>
<tr><td>जम्मा</td><td>२३१९४६४</td></tr>
</table>
</td>
<td>२३१९४६४।-</td>
</tr>
<tr>
<td>८</td>
<td>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधिनमा रहि कुनै शिर्षकबाट पूजिगत शिर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने ब्यबस्था छ । गाउंपालिकाले रु १ करोड ३० लाख डोजर खरिद गर्न बजेट विनियोजन गरेकोमा देहायको चालु र पूजिगतमा शीर्षकमा वजेट रकमान्तर गरी खर्च गरेको रु.
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>५/५ लाखका दरले ८ वडामा सार्बजनिक निर्माण</td><td>४० लाख</td></tr>
<tr><td>सवारी साधन</td><td>१० लाख</td></tr>
<tr><td>कम्प्युटर,फाटोकपी,ल्यापटप</td><td>४० लाख</td></tr>
<tr><td>जेष्ठ नागरीक सम्मान कार्यक्रम</td><td>१० लाख</td></tr>
<tr><td>बिबिध</td><td>१७ लाख</td></tr>
<tr><td>गाउपालिकाको भवन निर्माण स्थल सम्याउने</td><td>१३ लाख</td></tr>
</table>
</td>
<td>१,३०,००,००० ।-</td>
</tr>
<tr>
<td>९</td>
<td>पदाधिकारी सुविधा -स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ (२०७५।१।२४ मा जारी भएको) मा स्थानिय तहका पदाधिकारी तथा सदस्यले निर्वाचित भई पदभार ग्रहण गरेको मिति देखि मासिक सेवा सुविधा पाउने ब्यवस्था गरेको छ । उक्त ऐनले गाउपालिकाका अध्यक्ष,उपाध्यक्ष,वडा अध्यक्ष कार्यपालिका सदस्य र वडा सदस्यको मासिक सुविधा ३१,०००।, २६,०००। ,१८,०००।, ९,०००।, र ६०००। तोकेको छ । सोही ऐनमा संचार सुविधा प्रति महिना १५००।, र १०००। का दरले अध्यक्ष, र उपाध्यक्षलाई दिने ब्यवस्था छ । ४४ मध्ये ४२ लाई चाडपर्व खर्च समेत १२ महिनाको सुविधा रु ४८७५०००। भुक्तानी दिएको छ ।२पदाधिकारीले सरकारी कोषबाट निवृत्तिभरण प्राप्त गरेकोले भत्ता लिएको अवस्था छैन ।ऐन प्रारम्भ भएको मिति देखि सेवा सुविधा दिने प्रावधानको व्यवस्था हुनुपर्दछ । मासिक र संचार सुविधा बाहेक यस बर्ष पदाधिकारीलाई श्रावण २०७४ देखि आषाढ २०७५ सम्मको बैठक भत्ता रु.३०९७२१०भुक्तानी भएको देखियो ।</td>
<td></td>
</tr>
</table>

| | | |
|---|---|---|
| ९.१ | गाउं सभाको बैठकबाट अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतलाई मासिक रु ३०००, उपाध्यक्षको लागी २५००,कार्यकारी सदस्यलाई बढिमा १०००, वडा सचिव र गाउं पालिकाको बिषगत शाखाको प्रमुखलाई बढीमा मासिक १००० का दरले संचार खर्च दिने निर्णय गरेको देखियो । स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धि ऐन २०७४ मा अध्यक्ष उपाध्य र वडा अध्यक्षले क्रमश: १५००।, १००० र ८००। संचार सुबिधा पाउने ब्यबस्था छ । अध्यक्ष, उपाध्य र वडा अध्यक्ष बाहेक कर्मचारीले संचार सुबिधा पाउने देखिदैन । कर्मचारी तथा अन्य पदाधिकारीले बिभिन्न नम्बरका सिम खरिद, रिचार्ज कार्डको विल संचार खर्चमा समावेश गरी यस वर्ष रु २,७१,९७५ खर्च गरेको अवस्था छ । यस सम्बन्धमा छानविन गरी प्रचलित कानुनले तोकेको भन्दा बढि र नपाउनेले लिएको सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने रु. | २७१९७५।- |
| ९.२ | प्रदेश नं. ४ ले स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधाका सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन २०७५ बैशाख २४मा जारी भएकोमा वैठक भत्ता सम्बन्धमा कुनै ब्यबस्था छैन । नेपाल सरकार कार्य संचालन निर्देशिका २०७३ को दफा ७.१.१ मा बैठक भत्ता दिने ६ आधारहरु खुलाएको छ । स्पष्ट बिसयवस्तु र कार्ययोजना वेगर बैठक वस्न नपाइने, वेठक कार्यालय समय बाहिर हुनुपर्ने, एउटै निकाय र पदाधिकारी,कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने,कानुन अनुसार गठन भएका समितिहरुको वैठकको लागी मात्र भत्ता प्रदान गर्ने,बिभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिमा भत्ता नदिने र वैठकमा आमन्त्रित सदस्यका रुपमा थप ब्यक्तिहरु राख्न नपाईने, बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा २ जना सम्म मात्र आमन्त्रित सदस्यलाई वैठक भत्ता प्रदान गर्न सकिने आधार रहेका छन । यस वर्ष पदाधिकारी वैठक भत्ताका लागी रु ३०,९७,२१०। खर्च लेखेकोछ । यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन :- | |
| ९.३ | क)गाउं सभाको २०७४।१०।२२ (तेस्रो) वैठकले कार्यपालिका,गाउं सभाको वैठक बसेको दिनको वैठक भत्ता १५००। र वडा समितिको वैठक वसेको दिनको वैठक भत्ता १०००। र यातायात खर्च ६ वटा वडामा रु ५००। र वडा नं. ७ मा रु १०००। र वडा नं. ८ मा रु १५००। का दरले बैठकमा सहभागीलाई दिने निर्णय गरेको देखियो । वडास्तरीय मिटिङका लागी प्रति मिटिङ रु १५००। का दरले खाजा खर्च समेत दिने निर्णय गरेको छ । | |
| ९.४ | ख)उक्त सुबिधा उपलब्ध गराउन कार्यालयले प्रत्येक वडास्तरीय प्रति महिना ३ बैठकका लागी प्रत्येक चौमासिकमा ८ वडाहरुलाई जम्मा रु ८,४०,००० का दरले वर्ष भरी रु २५,२०,०००। पेश्की निकासा दिई खर्च लेखेको देखियो । कुल ८ वडा मध्ये एक वडामा ८ जना र ७ वडामा ७ जनाका दरले बैठक भत्ता र यातायात खर्च उपलब्ध गराउने गरेको छ । | |
| ९.५ | ग)विषयगत समिति, गाउं सभा र कार्यपालिका बैठकमा पदाधिकारी वाहेक आमन्त्रित सदस्यको रुपमा कर्मचारी सहयोगी र अन्य समेतलाई समावेस गरी भत्ता,खाजा र परीवहन खर्च गरेको छ । उक्त वैठकमा हुने खाना खर्चको निश्चित मापदण्ड निर्धारण गरेको छैन । बैठकमा सहभागी संख्याको अनुपातमा खाजा खर्च अस्वभाबिक देखिन्छ । | |
| ९.६ | घ)उक्त ऐन र निर्देशिका विपरित भए गरेका बैठक भत्ता, सुबिधा र खाजाखर्च नियम संगत नदेखिएको रु. | २५,२०,०००।- |
| ९.७ | भौ.न.११०।०७५।३।३१ र १८३।०७५।२।१-अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७३ मा नियमित | |

<table>
<tr>
<td></td>
<td>कामका लागी खाजा/खाना खर्च दिन मिल्दैन । तर गाउं सभाको २०७४।१०।२२ को निर्णय बमोजिम निम्न कर्मचारीलाई  खाना/खाजा खर्च रु १५० र रु.२०० का दरले अतिरिक्त समयमा कुन काम गरेको हो खुलासा नगरी भुक्तानी भएकोले उक्त रकम नियमानुसार खर्च नभएकोले अनियमित देखिएको रु.
<table>
<tr><th>पद, नाम, थर</th><th>अवधि(दिन)</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>प्र.प्र.अधिकृत अच्युत दाहाल</td><td>४७</td><td>१९८००</td></tr>
<tr><td>लेखापाल इन्द्र बहादुर के.सी.</td><td>३४</td><td>९४५०</td></tr>
<tr><td>ना.सु.कुल प्रसाद आचार्य</td><td>३४</td><td>७३००</td></tr>
<tr><td>प्र.स. गोपाल प्रसाद भट्टराई</td><td>२५</td><td>६०००</td></tr>
<tr><td>सव ई. गोपाल मगर</td><td>४५</td><td>१००५०</td></tr>
<tr><td>,, ,, श्याम मिजार</td><td>३१</td><td>८७००</td></tr>
<tr><td>स.ले.पा.रत्न बहादुर के.सी.</td><td>२८</td><td>४७००</td></tr>
<tr><td>क.अ. मुकुन्द पौडेल</td><td>३३</td><td>८३००</td></tr>
<tr><td>का.स. थम बहादुर आचार्य</td><td>३३</td><td>६९००</td></tr>
<tr><td>का.स. गोकुल बहादुर बरुवाल</td><td>३५</td><td>८८५०</td></tr>
<tr><td>कुल जम्मा</td><td></td><td>१०२२५०</td></tr>
</table>
</td>
<td>१०२२५०।-</td>
</tr>
<tr>
<td>१०</td>
<td>राजश्व अभिलेख : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>११</td>
<td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा  ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ  । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
</table>

१२ उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने, नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नपाउने व्यवस्था छ । जटिल प्राविधिक पक्ष समावेश भएका गोरेटो र ढलान बाटो, ट्र्याक खोल्ने,बाटो स्तरोन्नति लगायतका अधिकांश आयोजनाका लागत अनुमानमा माटो र ढुगांखन्ने कार्यको परिमाण घन मिटरमा तोकी डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको दररेट समावेश गरि उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको र उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोगको समयावधि खुलाई डोजर व्यवसायीको विल पेश गरि प्राविधिक मुल्यांकन गराई भुक्तानी लिएको देखियो ।मेशिन प्रयोगमा उपभोक्ता समिलि कोटेशन पनि लिएको देखिदैन। यसबाट प्रतिस्पर्धा नभई लागत बढने,कामको परिमाण र गुणस्तरीयता सुनिश्चतता गर्न सक्ने स्थिति देखिदैन ।यसर्थ नियमको परिपालना हुनुपर्दछ ।उदाहरणका लागी देहायका सडकमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको प्रयोग गरी उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोग गरेको समयावधि मात्र खुलाई कार्य परिमाण उल्लेख नगरी उपभोक्ता समितिले निम्नानुसारका निर्माण कार्यको डोजर प्रयोग गरेको भनी सम्झौता रकमको ९० प्रतिशत भन्दा बढी रकम निर्माण व्यवसायीको कर विजक संलग्न राखि भुक्तानी भएको छ ।

| भौ.नं. | योजनाको नाम | अनुदान रकम | डोजर सप्लायर्स | भुक्तानी रकम |
|---|---|---|---|---|
| १९ | भिरकाटे दोवा सडक मर्मत | १२ लाख | टाकुरा लिकास विल्र्डस | २५०७५१ |
| २०५ | भिरकाटेदोवा सडक मर्मत | १२ लाख | टाकुरा लिकास विल्र्डस | १३८३४५ |
| ३२९ | हिस्तान राम्चे सडक मर्मत | ५० लाख | साविरा कन्सट्रक्सन | १०६३६७५ |
| २१८ | लेकवेसि मोटर बाटो | ११ लाख | साविरा कन्सट्रक्सन | ११४९७९६ |
| ,, | ठुलो बगर कटुन्जे मोटर बाटो | ६ लाख | टाकुरा बिकास बिल्र्डस | ६८४४२९ |
| २१४ | हिस्तान सडक मर्मत | ७ लाख | म्यग्दी रारा कन्सट्रक्सन | ५७४०४० |
| २२१ | पटार गाडपार मोटर बाटो | | साबिरा कन्सट्रक्सन | ९१००११ |

१२.१ आयकर ऐन २०५८को दफा ८८(१))बमोजिम भाडामा १० प्रतिशत कर कटटा गर्न पर्ने व्यवस्था छ । लेखापरीक्षणमा छनौटमा परेको देहायका आयोजनाको निर्माण र मर्मतमा डोजर, लोडर, एक्साभेटर, मेशीन भाडा भुक्तानीमा १०प्रतिशत कर सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्नेमा मु.अ.कर बाहेकको भुक्तानी रकममा १.५प्रतिशत अग्रिम कर कटटा गरेको देखिन्छ । देहायका उपभोक्ता समितिले मु.अ.कर बाहेकको भुक्तानी गरेको रकममा १० प्रतिशत बहालकर असुल गर्नुपर्दछ । गाउपालिकाले अन्य उपभोक्ता समितिलाई यस वर्ष डोजर, लोडर, एक्साभेटर, मेशीन भाडामा प्रयोग गरी मु.अ.कर बाहेकको भुक्तानी गरेको रकममा १० प्रतिशत बहालकर छानबिन गरि सम्बन्धितबाट असुल गर्नुपर्ने देखिन्छ ।

| भौ.नं. | योजनाको नाम | अनुदान रकम | डोजर सप्लायर्स | भुक्तानी रकम | बहाल कर |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | भिरकाटे दोवा सडम मर्मत | १२ लाख | टाकुरा लिकास विर्ल्डस | २५०७५१ | २२१९० |
| २०५ | भिरकाटेदोवा सडक मर्मत | १२ लाख | टाकुरा लिकास विर्ल्डस | १३८३४५ | १२२४२ |
| ३२९ | लिस्तान राम्चे सडक मर्मत | ५० लाख | साविरा कन्सट्रक्सन | १०६३६७५ | ९४१३० |
| २१८ | लेकवेसि मोटर बाटो | ११ लाख | साविरा कन्सट्रक्सन | ११४९७९६ | १०१७५२ |
| ,, | ठुलो बगर कटुन्जे मोटर बाटो | ६ लाख | टाकुरा बिकास बिर्ल्डस | ६८४४२९ | ६०५६९ |
| २१४ | हिस्तान सडक मर्मत | ७ लाख | म्याग्दी रारा कन्सट्रक्सन | ५७४०४० | ५०८०० |
| २२१ | पटार गाउंपार मोटर बाटो | ७ लाख | साबिटा कन्सट्रक्सन | ९१००११ | ८०५३२ |
| जम्मा | | | | | ४२२२१५ |

१२.२ आयोजना हस्तान्तरण: सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उप नियम (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा उपभोक्ता समितिबाट काम गराएका आयोजनाको हालसम्म हस्तान्तरण गरेको देखिएन ।गाउपालिकाले प्राय:सबै आयोजना उपमोक्ता समिति मार्फत गराएको र निर्माणको काम सम्पन्न भएपछि एक वर्षभित्र बिग्रे भत्केमा मर्मत सम्भार गर्ने जिम्मेवारी तोकेको छैन ।यस्ता आयोजनामा रेखदेख र मर्मत सम्भारको लागी सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायलाई जिम्मेवार बनाउनु पर्दछ ।सोहि प्रयोजनका लागी थप बजेट विनियोजन र खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ ।

१२.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) अनुसार निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समितिबाट लिन सकिने उल्लेख छ । मालसामान खरिदको उपभोक्ता समितीले गर्ने व्यवस्था खरिद ऐन र नियमाबलीले नगरेको अबस्थामा उपभोक्ता समितीसंग सम्झौता गरि उपभोक्ता समितीले मालसामान खरिद गर्ने गरेको पाइयो ।स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७४ मा गाउंपालिकाले सार्वजनिक खरिद गर्नु पर्दा संघिय सार्बजनिक खरिद ऐन बमाजिम गर्नुपर्ने ब्यबस्था छ । गाउंपालिकाले खरिद सम्बन्धि कार्यका लागी पनि कार्यक्रम स्वीकृत गरी उपभोक्ता समिति संग सम्झौता गरेको र सम्झौतामा जडान,गुणस्तर परिक्षण र वितरणको जिम्मेवारी तोकिएको देखिएन । उपभोक्ता समितिले खरिद गर्दा सार्बजनिक खरिद ऐनको पालना गरेको अबस्था छैन । नियमको पालना हुनु पर्ने रु. ७०००००।-

| भौ.न. | विवरण | रकम |
|---|---|---|
| २९६ | स्टिल टयुवलर पोल ८ मी.को २४वटा र ए सि एस आर कन्डक्टर तार ६२५४ मिटर आदी | ७००००० |

१३ **सम्भाव्यतता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैंयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना

<table>
<tr><td></td><td>स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, हुन सक्ने हुंदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४</td><td>योजना र कार्यान्वयन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको छैन । यस तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td>विना प्रतिस्पर्धा खरिद: सार्वजनिक खरीद ऐन,२०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरीद गर्न नमिल्ले साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र द्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र, बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा वोलपत्र एवं सिलवन्दी दरभाउपत्रवाट खरिद नगरि रु. १२३५९४६४ का देहायका सामान पटक पटक सोझै खरीद गरेको पाइयो । खरीद कार्य गर्दा नियमको पालना हुनु पर्ने रु.<br><br>
<table>
<tr><td>सामानको नाम</td><td>रकम</td></tr>
<tr><td>मसलन्द तथा कार्यालय सामग्री</td><td>३७९२६०७</td></tr>
<tr><td>फर्निचर</td><td>१६८६९३७</td></tr>
<tr><td>ल्यापटप र कम्पयुटर</td><td>३२३१९९३</td></tr>
<tr><td>सवारी साधन भाडा</td><td>६३२५००</td></tr>
<tr><td>पशुजन्य औषधि खरिद</td><td>६०३२९८</td></tr>
<tr><td>सवारी साधन</td><td>५९०८९९</td></tr>
<tr><td>परामर्श</td><td>८२३४४०</td></tr>
<tr><td>५०० थान कम्बल खरिद</td><td>९९७७९०</td></tr>
<tr><td>जम्मा</td><td>१२३५९४६४</td></tr>
</table></td><td>१२३५९४६४।-</td></tr>
<tr><td>१६</td><td>वातावरणीय प्रभाव : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउपालीकाले यो वर्ष वातावरण संरक्षण, सरसफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन ।ढल ,फोहोर ढुवानी केन्द्र र डम्पिग साइट निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । फोहोर कालि गण्डकीको छेउछाउमा फाल्ने गरेको छ । सालबसाली सरसफाईको काममा गाउपालिका क्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यस तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td>सेवा करार - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म,</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ। रु.५लाख सम्म सेवा शुल्क लाग्ने सेवा वार्ता गरि खरिद गर्न सक्ने व्यवस्था छ । गाउपालिकाले १ सुचना अधिकृत , १ सवइन्जिनियर,३ कार्यालय सहयोगी समेत ५ जना करारमा नियुक्त गरि यस आ.ब.मा रु२३७८६० खर्च गरेको पाइएको छ ।</td><td></td></tr>
<tr><td>१८</td><td>मू.अ.करमा दर्ता नभएकासंग खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम सार्वजनिक निकायले खरिद कार्य गर्दा मू.अ.कर दर्ता प्रमाण पत्र प्राप्त फर्म, कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ । देहायका व्यक्ति र संस्थालाई रु.११०४५००  भुक्तानी गरेकोमा उक्त फर्म मू.अ.करमा दर्ता भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><td>भौ.न.र मिति</td><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>३४५।०७५।३।९</td><td>म्यादी मिडिया सोसाइटी</td><td>३०००००</td></tr>
<tr><td>११२।०७५।३।३१</td><td>,,</td><td>७६५००</td></tr>
<tr><td>३४५</td><td>फ्न्टलाइन डेभलपमेन्ट म्यानेजमेन्ट कन्सटेन्सी</td><td>८००००</td></tr>
<tr><td>३१२</td><td>फ्न्टलाइन डेभलपमेन्ट म्यानेजमेन्ट कन्सटेन्सी</td><td>४९८०००</td></tr>
<tr><td>३३७।०७५।३।२५</td><td>ई.विष्णु रिजाल</td><td>१५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>११०४५००</td></tr>
</table></td><td>११०४५००।-</td></tr>
<tr><td>१९</td><td>आन्तरिक आय : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।  यस बर्ष रु ४८,००,००० को आन्तरीक आयको लक्ष्य राखेकोमा रु४९७८९२३.५०(१०३.७२प्रतिशत)  असुली भएको छ ।</td><td></td></tr>
<tr><td>१९.१</td><td>राजश्व आम्दानीको प्रक्षेपण रु ४४ लाख ७५ हजार गरेकोमा ४८,७८,९२३।५० असुली भएको छ । यस बर्ष भूरुङ्ग तातोपानी क्षेत्रको प्रवेश शुल्क र पशु चौपाया करको आय ठेक्काको लागी बोलपत्रको माग भै क्रमश २८८५४००। र ३१५२७१।५०मु.अ.कर र अग्रीम आय कर सहित असुल भएको छ । पुनहिल प्रवेश शुल्क समिति मार्फत संचालन भई रु.५१३८०० असुली भएको छ । गााउपालिकाको क्षेत्रभित्र पर्ने पुनहिल,अन्धगल्छी, खयर बराहलगायतका पर्यटकीय क्षेत्रमा आय ठेक्का बोलपत्रको माध्यमबाट ब्यबस्थापन गर्नु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०</td><td>व्यवसाय कर,बहाल कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ ।  गाउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । गाउपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन ।</td><td></td></tr>
<tr><td>२१</td><td>विद्युतिय लेखा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । उक्त (SUTRA) प्रयोग गरी लेखा नराखेको देखिएकोले गाउपालिकाको</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>२२</td><td>गुणस्तर परिक्षणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कम्पयुटर,बिजुलिका पोल तार लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२३</td><td>नक्शा पासः स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको देखिएन ।</td><td></td></tr>
<tr><td>२४</td><td>न्यायिक समितिः स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद ८ मा गाउँपालिकाको न्यायिक कार्य सम्वन्धमा व्यवस्था गरेको छ । दफा ४६ अनुसार न्यायिक समितिको व्यवस्था रहेकोमा न्यायिक समिति गठन भएतापनि न्यायिक समितिको बैठक वसी कार्यसन्चालन भएको देखिएन ।</td><td></td></tr>
<tr><td>२५</td><td>सेवा प्रवाहः गाउपालिबकाले आर्थिक वर्ष २०७४।७५ सेवा प्रवाहतर्फ गरेको कार्यसम्पादनको विवरण माग गर्दा पेश नभएको र सेवा प्रवाहको अभिलेख समेत व्यवस्थित किसिमले नराखेकोले कार्यालयले वर्ष भरीमा के कति कार्यसम्पादन गरेको छ एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२६</td><td>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७३ मा सिप बिकास तालिम गाउ स्तरमा सञ्चालन गर्दा कार्यपत्र वापत ३५०।, कक्षा संचालन वापत प्रति कक्षा ७००। दिन पाउने ब्यबस्था छ । कार्यालयले २०७४।१२।४ देखि २०७४।१२।६सम्म तिन दिने ४३ पदाधिकारी तथा २६ कर्मचारीका लागी सक्षमता अभिवृधि तालिम र अभिमुखिकरण तालिममा वाहय प्रशिक्षक राम बहादुर राउतको प्रशिक्षणमा संचालन गर्दा रु ४,२८,८४०। खर्च गरेको छ । निर्देशिका अनुसार निजलाई ३ दिनको प्रति दिन ४ कक्षाको दरले संचालन वापत रु ४२००। र कार्यपत्र वापत ३५०। का दरले रु ४५५०। दिन मिल्नेमा पारीश्रमिक रु १५०,०००।, यातायात खर्च १६०००। खाजा खाना र आवासको होटल विल बमोजिम खर्च लेखेकोको देखिन्छ । यसर्थ निर्देशिका विपरितको पारिश्रमिक खर्च सम्वन्धितबाट रु १,४५,४५०। असुल हुनुपर्ने रु.</td><td>१४५४५०।-</td></tr>
<tr><td>२७</td><td>आयकर ऐन २०५८मा सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर कटटा गर्नुपर्ने व्यवस्था छ ।देहायको भूक्तानी मा १५ प्रतिशत कर कटटा नगरि भूक्तानी गरेकाले सम्बन्धित बाट असुल गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.न.र मिति</td><td>विवरण</td><td>रकम</td><td></td></tr>
<tr><td>३४५।०७५।३।९</td><td>म्यादी मिडिया सोसाइटी</td><td>३०००००</td><td>४५०००</td></tr>
<tr><td>११२।०७५।३।३१</td><td>,,</td><td>७६५००</td><td>११४७५</td></tr>
<tr><td>३४५</td><td></td><td>८००००</td><td>१२०००</td></tr>
<tr><td>३१२</td><td>फन्टलाइन डेभलपमेन्ट म्यानेजमेन्ट कन्सटेन्सी</td><td>४९८०००</td><td>७४७००</td></tr>
<tr><td>३३७।०७५।३।२५</td><td>ई.विष्णु रिजाल</td><td>१५००००</td><td>२२५००</td></tr>
<tr><td>३३८</td><td>विज्ञ अर्जुन भटराइ</td><td>२१०००</td><td>३१५०</td></tr>
<tr><td>,,</td><td>विज्ञ चिरिञ्जीवि गौतम</td><td>५०००</td><td>७५०</td></tr>
</table></td><td>१७०३२५।-</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| ,, | विज्ञ मातृका जोशी | ५००० | ७५० |
| | जम्मा | ११३५५०० | १७०३२५ |

२८ भ्रमण खर्च नियमाली २०६४ को नियम ७ को उप-नियम (३) मा वस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कनेगरी सरकारी काममा काज खटि जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको पच्चिस प्रतिशत खाजा खर्च पाउने व्यवस्था गरेको छ । तर गाउँ परिषदको २०७४/१०/२२ को वैठकबाटअन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेवगर वडा नं. ६ बाट जुनसुकै वडामा कर्मचारी काज भ्रमणमाजादा दैनिक भ्रमण भत्ता पाउने व्यवस्था गरेको छ । केन्द्र देखि वडा कार्यालयसम्म पुग्न न्यूनतम १ घण्टा र अधिकतम ८ घण्टाको दुरीमा रहेको अभिलेखबाट देखिन्छ ।यस केन्द्रबाट नजिक रहेका वडास्थित शाखा कार्यालयमा कार्यक्रम संचालन तथा अनुगमनमा जादासमेत दैनिक भ्रमण भत्ता भुक्तानीले भ्रमण खर्च नियमावलीको पालना भएको देखिएन ।केही उदाहरणहरु यस प्रकार छन ।

| पद | नामथर | भ्रमण स्थान | भ्रमण अवधि | भुक्तानी रकम |
|---|---|---|---|---|
| प्र.प्र.अ. | अच्युत दाहाल | भु-तातोपानी | ०७४/१२/१५-१२/१७ | ४०००।- |
| हे.अ. | समुन्द्र वरुवाल | भु-तातोपानी | ०७४/१२/१५-१२/१७ | ४४००।- |
| हे.अ. | पूर्ण प्रसाद उपाध्याय | भु-तातोपानी र नारच्याङ | ०७५/०२/०४-२/०९ | ७५००।- |
| अ.न.मी. | नम्रता थापा | भू-तातोपानी | ०७५/०३/२७ -०३/२९ | २६००।- |
| हे.अ. | चादनी घले | नारच्याङ | ०७५/०३/२७ -०३/२९ | २६००।- |
| अ.न.मी. | विपना वाक्दास | घार | ०७५/०३/२४ -०३/२६ | २६००।- |
| अ.न.मी. | अनिता कु. महतो | दाना | ०७५/०३/२५ -०३/२७ | २६००।- |
| अ.न.मी. | संगिता सुवेदी | हिस्तान | ०७५/०३/२५ -०३/२७ | २६००।- |
| हे.अ. | झपेन्द्र घिमिरे | दाना | ०७५/०३/२४ -०३/२६ | २६००।- |

२९ भौ.न.१६२।०७५।१।१९अन्नपूर्ण गाउँपालिका वडा नं. ८ राम्चेको सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण बापत रु १,६०,०००।- खर्च लेखेको छ । खर्च परीक्षणबाट देखिएका व्यहोरा देहाय अनुसार छनः-

- सामाजिक विकास अधिकृत हरिकृष्ण आचार्यले कार्यक्रमको संयोजक वापत३ दिनको ९०००।- भुक्तानी लिएकोमा अर्थ मन्त्रालयद्वारा जारी गरिएको कार्य संचालन निर्देशिका अनुसार दिनको १५००।- का दरले ४५००।- मात्र खर्च लेख्नु पर्नेमा ४५००।- वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु. ४५००।-
- मस्यौदा प्रतिवेदन तयारी वापत रु. ५०००।- भुक्तानी गरेकोमा नर्म्सअनुसार १५००।- मात्र भुक्तानी दिनुपर्नेमा वढि भएको भुक्तानी रकम रु. ३५००।- असुल गर्नुपर्छ । ३५००।-
- वैठक सहजिकरण तथा विवरण संकलन गरेवापत २ दिनको ४०००।- का दरले ८०००।- भएकोमा नर्म्स अनुसार १५००।- का दरले ३०००।- मात्र भुक्तानी हुनुपर्नेमा ५०००।- वढी भुक्तानी असुल हुनुपर्ने रु. ५०००।-
- वैठकलाई सहजीकरण गरको भनि सा.वि.अ. हरिकृष्ण आचार्यले २ दिनको २०००।- का दरले ४०००।-, कृष्ण बहादुर वि.क. ४०००।- र संजय शर्माको १ दिनको २०००।- का दरले भुक्तानी दिएकोमा नर्म्सअनुसार प्रति दिनको १०००।- का दरले भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी भएको हरिकृष्ण आचार्य बाट २०००।-, कृष्ण बहादुर बि.क. बाट रु. २०००।- र संजय शर्माबाट रु. १०००।- गरी जम्मा ५०००। असुल हुनुपर्ने रु. ५०००।-
- संकलन गरिएको विवरण विश्लेषण वापत सा.वि.अ. हरिकृष्ण आचार्यले ४ दिनको ८०००।- भुक्तानी गरेकोमा सोही अवधिमा सहजीकरण तथा संयोजक भत्ता लिएकोले

| | | |
|---|---|---|
| | दोहोरो भुक्तानी भएकोले उक्त रकम रु. ८०००।- असुल हुनुपर्ने रु.<br>● सूचना संकलन वापत हरिकृष्ण आचार्यलाई ५ दिनको १५०००।- भुक्तानी गरेकोमा नियममा उक्त व्यवस्था नभएको दैनिक भ्रमण भत्ता वापत दिनको १६००।- का दरले ८०००।- मात्र भुक्तानी हुनुपर्नेमा रु. ७०००।-वढी भुक्तानी भएको असुल हुनुपर्ने रु.<br>● सूचना वर्गिकरण गरेवापत हरिकृष्ण आचार्यलाई १ दिनको ४०००।- भुक्तानी दिएकोमा नियममा उक्त व्यवस्था नभएको दैनिक भ्रमण भत्ता वापत दिनको रु. १६००।- भुक्तानी हुनुपर्नेमा वढी भुक्तानी भएको रु. २४००।- असुल हुनुपर्ने रु.<br>● भेलामा रिपोर्ट र सहजीकरण गरेवापत पुनः हरिकृष्ण आचार्य र कृष्ण वि.क.ले ३०००।- का दरले ६०००।- भुक्तानी दिएकोमा सो वापत पहिले माथि भुक्तानी भइसकेकोले उक्त रकम रु. ६०००।- असुल हुनुपर्ने रु.<br>● मस्यौदा तयार तथा प्रतिवेदनको रुपमा तयार गरेवापत माथि खर्च भुक्तानी भइसकेकोले पुनः हरिकृष्ण आचार्यलाई ७०००।- भुक्तानी गरिएकोमा उक्त रकम असुल हुनुपर्ने रु. | ८०००।-<br>७०००।-<br>२४००।-<br>६०००।-<br>७०००।- |
| ३० | **वितरण भरपाई–**१९६/०७५/२/९ गाउँपालिकाको ८ नं. वडामा कृषि प्रोत्साहन कार्यक्रम अर्न्तगत, डिजिटल तराजु ४ थान खरिद वापत रु ५०,०००।- खर्च लेखेको छ । डिजिटल तराजु कुन कृषि समूहलाई वितरण गरेको त्यसको भरपाई समावेश नभएको, त्यस्तै विपद व्यवस्थापन सामग्री अर्न्तगत त्रिपाल-६ थान, कम्बल-५ थान, प्लास्टिक-५० मी., खास्टो ७ थान खरिद वापत रु. ५०,०००।- खर्च लेखेको छ । उपरोक्त समान कुन-कुन व्यक्तिलाई वितरण गरेको त्यसको भरपाई समावेश भएको देखिएन । | |
| ३१ | स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७० मा आकस्मिक कोष सम्बन्धि व्यबस्था गरेको छ । गाउपालिकाले स्थानिय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी संचालन गर्न सक्ने व्यबस्था छ । यस बर्ष गाउपालिकाले आकस्मिक महिला कोष परिचालन सम्बन्धि कार्यबिधि निर्माण गरी गाउ सभाको २०७४।१०।२२ को निर्णयानुसार ८ वटै वडामा महिला आकस्मिक कोष स्थापना गरी महिला समुहको खातामा रु १/१ लाखका दरले रु ८ लाख निकासा गरेको छ । उक्त ८ वटा कोषबाट यस बर्ष भएको खर्चको लेखापरीक्षण गराएको छैन । उक्त कोषको खाता एउटै हुनु पर्ने र गाउपालिकाबाटै संचालन गर्नुपर्नेमा छुट्टै वडा स्तरीय ८ वटा समुह खडा गरी ८ वटा खातामा रकम निकासा र खर्च गरेको नियम अनुरुप नदेखिएको रु | ८,००,०००।- |
| ३२ | **आन्तरीक लेखापरीक्षणः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका कैफियत अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाको संगठनात्मक तालिकामा आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था रहेको तर कर्मचारीको व्यवस्था भएको देखिएन । गाउपालिकाले आन्तरिक लेखा परीक्षण २०७५।५।२० मा कोष तथा लेखा नियन्त्रक कार्यालय म्याग्दीबाट गराएको छ । | |
| ३३ | **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन २०४९ को दफा ६क.अनुसार तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन नगरी स्वास्थ्यतर्फका कर्मचारीहरुलाई | |

तलब भुक्तानी गरेकोले तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नुपर्ने देखिएको छ।

३४ **सम्परीक्षण :** लेखापरीक्षणबाट कायम भएका बेरुजु मध्ये आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १८ अनुसार गाउपालिकाले फछ्र्यौट गरी सोही ऐनको दफा १९ वमोजिम सम्परीक्षणको लागि पेश गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। गाउपालिकाले स्थलगत लेखापरीक्षण समक्ष रु. ६६५७४० सम्परीक्षणको लागि अनुरोध भै आएकोमा रु. ६६५७४० को लगत कट्टा भएको ब्यहोरा जानकारी दिने गरि सम्परीक्षण भएको छ।

| आ.व. | वेरुजु दफा नं. | रकम | कैफियत |
|---|---|---|---|
| ०७३.७४ | | ६६५७४० | असुल भई फछ्यौंट |
| | जम्मा | ६६५७४० | |

३५ **वित्तिय जवाफदेहिता मूल्यांकन :** कार्यालयको व्यवस्थापकिय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रबाह र खरिद व्यबस्थापन/विकास निर्माणको क्षेत्रगत सूचकहरुको आधारमा कार्यालयको मूल्यांकन गर्दा कुल १०० पूर्णाअंकमा A,B,C,D ग्रेडमध्ये यस कार्यालय C ग्रेडमा रहेको छ। कार्यालयले वित्तिय जवाफदेहिताका लागी अति उत्तम अंक हासिल गर्न A ग्रेड प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३६ **बेरुजू -** गाउपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१० लाख ५५ हजार, अनियमित बेरुजू रु.३ करोड ३७ लाख ७१ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. १२ लाख ८८हजार समायोजन र फछ्र्यौट भई रु.३ करोड ३५ लाख ३८ हजार बेरुजू कायम भएको छ।

३७ **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। गाउपालिकाले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| १५५४००० | ६६५७.४ | १५४७३४२.६० |

३८ **अद्यावधिक बेरुजू स्थिति :** गाउपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (D) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| १५४७३४२.६० | ० | ३३५३८००० | ३५०८५३४२.६० |

अनुसूची– १

# अन्नपुर्ण गाउपालिका
## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बांकी बेरुजू | | | वांकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | अन्नपुर्ण गाउपालिका | म्याग्दी | ३६ | १२ | ३३५३८ | ० | ० | ० | ३६ | १२ | ३३५३८ | ६३२ | ३२९०६ | | | | ३२९०६ | | | ० |

अनुसूची- २

## स्थानीय तह सञ्चित कोष विवरण

२०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | अन्नपुर्ण गाउपालिका | म्याग्दी | ६४४६ | १४०४९४ | १६०८७६ | ४९७९ | ३०६३४९ | २९३१३ | ६९६८७ | १६३१९६ | २६२१९६ | ५०५९९ |